## ४१ औं सामाजिक सेवा दिवसको अवसरमा प्रदान गरिने पुरस्कारको सम्बन्धमा सामाजिक संघसंस्था तथा समाज सेवीहरुलाई समाज कल्याण परिषदको अनुरोध ।

**सूचना प्रकाशित मिति : २०७७।६।६**

४१ औं सामाजिक सेवा दिवस २०७७ असोज ६ देखि १२ गते सम्म **"सामाजिक क्षेत्र : राष्ट्रिय गौरव" आजको प्राथमिकता, समृद्धि र सुखको लागि सामाजिक रूपान्तरण र उद्यमशीलता"** भन्ने मूल नारा सहित विविध कार्यक्रम गरी सप्ताहव्यापी रुपमा मनाउने निर्णय भएको छ । सामाजिक संघ-संस्थाहरुले सामाजिक सेवा दिवस आ-आफ्नै तरिकाले सप्ताहव्यापी रुपमा कार्यक्रम आयोजना गरी सोको जानकारी परिषद्को वेवसाईट swc.org.np/pages/454 तथा सोको आ-आफ्ना संजाल/संचार माध्यमहरु मार्फत प्रचार-प्रसार गर्न समेत समाज कल्याण परिषद् सबैमा हार्दिक अनुरोध गर्दछ ।

४१ औं सामाजिक सेवा दिवसको अवसरमा प्रदान गरिने तुलसी मेहर समाज सेवा पुरस्कार र समाज सेवी पुरस्कारको छनौटको प्रयोजनार्थ सामाजिक संघ-संस्था र समाज सेवीले आफूले गरेको योगदान सहितको विस्तृत विवरण यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र परिषद् कार्यालय हरिहरभवनमा आइपुग्ने गरी पठाउनु हुन अनुरोध गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारी परिषदको वेभसाईट www.swc.org.np बाट लिन सकिने छ ।

**समाज कल्याण परिषद**
**इमेल : info@swc.org.np**
**वेवसाईट: www.swc.org.np**
**फोन नं.: ०१५५५५४४८, ५५५५४९४**
**हरिहरभवन, ललितपुर ।**

समाज कल्याण परिषद्

### ४१ औं सामाजिक सेवा दिवसका सन्दर्भमा सामाजिक संघ-संस्था तथा समाजसेवीहरुलाई प्रदान गरिने पुरस्कारको लागि आवश्यक शर्तहरु

**१.संस्थाको हकमा :**

(क) जिल्ला प्रशासन कार्यालयमा नवीकरण भएको, समाज कल्याण परिषदमा आवद्ध भई नियमित प्रतिवेदन वुझाएको ।

(ख) स्थानीय स्रोत र साधनको अधिकतम् परिचालन गरी विकृति, विसङ्गति विरुद्ध सामाजिक सुधार र रुपान्तरणका लागि विगत १५ बर्षदेखि योगदान पुऱ्याएको ।

(ग) महिला,वालवालिका, अपाङ्ग, ज्येष्ठ नागरिक,अशक्त, असहाय, विपन्न, उत्पीडित वर्ग, क्षेत्र तथा समुदाय र सामाजिक रुपान्तरणका पक्षमा उत्कृष्ट योगदान पुऱ्याएको हुनुपर्ने ।

**२. व्यक्तिको हकमा :**

सामाजिक परिवर्तनका लागि विभेद, अन्याय, कुरीति र विसङ्गति विरुद्ध सामाजिक सेवा र दिगो विकासमा विशिष्ट योगदान पुऱ्याएको हुनुपर्नेछ ।

३.संस्था/व्यक्तिको सम्बन्धमा कुनै विवादमा नपरेको हुनुपर्नेछ ।

समाज कल्याण परिषद्
इमेल info@swc.org.np
वेवसाईट www.swc.org.np
फोन नं.०१५५५५४४८, ५५५५४९४,
हरिहरभवन, ललितपुर ।